## मिति २०७९ चैत्र १४ गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : गरिब घर परिवार परिचय पत्र वितरण सम्बन्धी गुनासो सुनुवाई समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : विभिन्न निकायबाट प्राप्त परिपत्र तथा निर्देशन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : सार्वजनिक जग्गा जमिन एवं संरचनाहरु छुट्याई विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : एम.आइ.एस अपरेटर र फिल्ड सहायकको श्रोत साझेदारीको प्रतिवद्धता सम्बन्धमा ।

प्रस्ताव नं. ६ : विभिन्न योजनाहरुको भेरिएसन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९: विभिन्न संघ/सस्थाहरुको कार्यक्रम संचालन पूर्व सहमति सम्बन्धमा ।

प्रस्ताव नं. १० : नयाँ ट्रयाक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : २५/७५ लागत श्रम साझेदारी कार्यक्रम अन्तर्गतका सिंचाई योजना छनौट सम्बन्धमा ।

प्रस्ताव नं. १२ : कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ : योजना कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. १४ : बजार व्यवस्थापनको लागि सुझाव पेश गर्न कार्यदल गठन सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : मिति २०७९ फागुन २८ गतेको कार्यपालिका वैठकबाट भएका देहाय बमोजिमका निर्णयहरु कार्यान्वयनको विषयमा आजको यस वैठकमा छलफल तथा समीक्षा गरियो ।

तपसिल

(क) विभिन्न वडाहरुबाट पेश गरिएको योजना संशोधनको प्रस्तावमा निर्णय भई संशोधन भएका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयनको चरणमा रहेको ।

(ख) तेह्रौ नगरसभाबाट स्वीकृत भएका योजनाहरु संचालन तथा मिति २०७९ चैत्र १५ गतेसम्म गठन गर्नका लागि सबै वडा कार्यालयलाई पत्राचार गरिएको ।

(ग) नगर अस्पताल भवन निर्माणको म्याद ६ महिना थप गरी पत्राचार गरिएको ।

(घ) राष्ट्र सेवक कर्मचारी कर्जाको लागि नेपाल बैंक लि.संग सम्झौता गरिएको ।

(ङ) मिति २०७९ चैत्र मसान्तसम्म योजना संशोधनको समयसीमा तोकिएकोमा सो सम्बन्धी विषय सबै वडामा पत्राचार गरिएको ।

(च) कृषि तथा पशुपंछी विकास मन्त्रालय/कृषि विभाग/बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, हरिहरभवन ललितपुरको पत्रानुसार आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने गरी संघीय सशर्त अनुदान अन्तर्गत धान बाली प्रवर्द्धन, मकै बाली प्रवर्द्धन र गहुँ बाली प्रवर्द्धनका लागि कार्यक्रम मागका लागि पत्राचार गरिएको ।

(छ) ६०/४० लागत साझेदारी कार्यक्रम अन्तर्गत माग भएका योजनाहरुको निर्णय भई कार्यान्वयनमा गएको ।

(ज) विभिन्न संघ/संस्थाहरुबाट कार्यक्रम संचालन गर्न अनुमतिका लागि पेश भएका विषयहरु निर्णय भई अनुमति प्रदान गरिएको ।

(झ) बृहत परियोजना प्रतिवेदन (DPR) निर्माणका लागि योजनाहरु छनौट भई कार्य प्रक्रिया अगाडि बढेको ।

(ञ) नयाँ सडक ट्र्याक निर्माणका लागि अनुमति माग भई प्राविधिक अध्ययन प्रतिवेदनका आधारमा नयाँ सडक ट्र्याक निर्माण गर्न अनुमति प्रदान गरी सोको कार्यान्वयन भएको ।

निर्णय नं. २ : गुनासो सुनुवाई मार्गदर्शन, २०७८ मा भएका व्यवस्थाहरुको विषयमा आजको कार्यपालिका वैठकमा जानकारी गराइयो । गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो सुनुवाई कार्यलाई सहजीकरण गर्नको लागि गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा ८ मा भएको व्यवस्था बमोजिम देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।साथै, गुनासो सुनुवाई अधिकारीको रुपमा सूचना प्रविधि अधिकृत श्री अर्पना श्रेष्ठलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिका उपप्रमुख श्री उमा प्रधान — संयोजक
२. मेलम्ची नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धिताल — सदस्य
३. कार्यपालिका सदस्य श्री सितामायाँ तामाङ — सदस्य
४. सू.प्र.अ./गुनासो सुनुवाई अधिकारी श्री अर्पना श्रेष्ठ — सदस्य सचिव

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ३ : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत विभिन्न निकायहरुबाट राय सुझावका लागि प्राप्त भएको विभिन्न पत्रहरु आजको यस बैठकमा जानकारी गराउनुको साथै प्राप्त भएका राय सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका क्षेत्र भित्रका सरकारी एवं सार्वजनिक स्थानमा निर्माण गरिएका घर, टहरा, संरचना र सार्वजनिक जग्गाहरु छुट्याई सोको विवरण सहितको तथ्याङ्क संकलन गर्नको लागि सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १४५४ मिति २०७९/११/२८ को पत्रबाट वयक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिकामा कार्यरत एम.आइ.एस अपरेटर र फिल्ड सहायकको निरन्तरताको लागि आ.व. २०७९/०८० मा ६ महिनाको पारिश्रमिकको श्रोत साझेदारी गरिएकोमा उक्त कार्यक्रमको म्याद मिति २०८१ असार मसान्तसम्म थप भएकोले यस कार्यालयमा कार्यरत एम.आइ.एस अपरेटर र फिल्ड सहायकको ६ महिनाको पारिश्रमिकको लागि आ.व. २०८०/०८१ मा श्रोत साझेदारीको प्रतिवद्धताका लागि लेखि आएको हुँदा लेखि आए बमोजिम श्रोत साझेदारीको प्रतिबद्धता गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका भित्र हाल कार्यान्वयनमा रहेका तपसिल बमोजिमका योजनाहरु भेरियसनका लागि पेश भएको हुँदा पेश भए बमोजिमको भेरियसन रकम नगरपालिकाबाट विनियोजन भएका योजनाहरुको काम सम्पन्न भई बाँकी रहने विभिन्न योजनाहरुको बजेटबाट खर्च हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | भेरियसन रकम रु. (मु.अ.क. सहित) | भरियसन प्रतिशत |
|---|---|---|---|
| १ | धौलेश्वरी मन्दिर, प्रवेशद्धार र सत्तल निर्माण, मेनपा ५ र ६ | १२,११,५२९।५६ | १२.८५% |
| २ | Upgrading of Bahunepati Melamchi Khalde Road MMSI/WORKS/NCB/2079-80/02 | ५४,३८,३८६।४४ | १९.१४% |
| ३ | गैरीगाउँ सुनखानी लाँगर्चे सडक स्तरोन्नती (तेह्रौं नगरसभाबाट विनियोजित शिर्षकबाट खर्च गर्ने गरी) | २०,००,०००।— | ३९.५८% |
| ४ | तालामाराङ बतासे सडक स्तरोन्नती | ६,५३,०००।— | २०.६७% |

निर्णय नं. ७ : मेलम्ची नगरपालिका भित्रका वडा कार्यालयहरुबाट योजना संशोधनको लागि पेश भएका देहाय बमोजिमको योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविकको योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | बङ्गारे भलघर घट्टेखोला सिंचाई, मेनपा ८ | ३,००,०००।— | वडा कार्यालय संरक्षण, मेनपा ८ | ३,००,०००।— |
| २ | शिव मन्दिर निर्माण, मेनपा ८ | ५,००,०००।— | कृष्ण मन्दिर निर्माण, मेनपा ८ | ५,००,०००।— |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| क्र.सं. | साविकको योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| ३ | मड्किनी सामुदायिक भवन निर्माण तथा मर्मत, मेनपा ९ | १०,००,०००।— | मड्किनी नयाँ सडक ट्र्याक निर्माण, मेनपा ९ | १०,००,०००।— |
| ४ | गैरीघरे दाहाल टोल मोटर बाटो निर्माण, मेनपा १० | १,५०,०००।— | पुजारी टोल चौतारी तथा ढाक्रे पँधेरो गोरेटो बाटो तथा सिंढी निर्माण, मेनपा १० (प्रधानमन्त्री रोजगार कार्यक्रममा थप ) | १,५०,०००।— |
| ५ | कृषि मेला प्रदर्शनी | ४,००,०००।— | फलामको फ्रेम सहितको टनेल निर्माण | १,५०,०००।— |
| | | | च्याउको डुम घर निर्माण | १,००,०००।— |
| ६ | गैरीघ्याङ घैया पोक्टा पाखिनटोल मगरगाउँ पात्ले सडक मर्मत तथा स्तरोन्नती, मेनपा ९ | २५,००,०००।— | गैरीघ्याङ घैया पोक्टा पाखिनटोल सडक मर्मत, मेनपा ९ | १०,००,०००। |
| | | | पाखिनटोल मगर हलहले सडक मर्मत, मेनपा ९ | १५,००,०००।— |
| ७ | सिन्धुखोला सेतोडाँडा गोरेटो बाटो मर्मत, मेनपा १२ | ४,७५,०००।— | सिन्धुखोला खानेपानी योजना, मेनपा १२ (क्रसर प्रभावित) | ४,७५,०००।— |
| ८ | आरुखर्क अम्बोटे डाँडागाउँ प्रतिक्षालय, मेनपा ११ | २,००,०००।— | अर्चले खोला सिंचाई कुलो (थोरक्याम) , मेनपा ११ | २,००,०००।— |
| ९ | विद्यालय शैक्षिक सुधार, मेनपा १३ | ८,००,०००।— | फटकशिला मा.वि. शैक्षिक सुधार, मेनपा १३ | २,००,०००।— |
| | | | कालिका चेतना मा.वि. शैक्षिक सुधार, मेनपा १३ | ३,००,०००।— |
| | | | पब्लिक आ.वि. शैक्षिक सुधार, मेनपा १३ | १,००,०००।— |
| | | | चण्डेश्वरी आ.वि. शैक्षिक सुधार, मेनपा १३ | १,००,०००।— |
| | | | आदर्श ज्योति शैक्षिक सुधार, मेनपा १३ | १,००,०००।— |

निर्णय नं. ८ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजत दर्ता समितिबाट देहाय बमोजिमका निर्माण व्यवसायहरुलाई "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र दिन सिफारिस भई आएको हुँदा समितिबाट सिफारिस भईआए बमोजिम तपसिल बमोजिमका निर्माण व्यवसायहरुलाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

मैवल्सी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैवल्सी, ...

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | प्रसुमन कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सर्भिसेज प्रा.लि., मेलम्ची न.पा. ९ | प्रमिला घले | गजुरी गा.पा. धादिङ |
| २ | पि.पि.कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., मेनपा १० | प्रल्हाद ढुङ्गेल | मेलम्ची न.पा. १० |
| ३ | दुवाचौर निर्माण सेवा प्रा.लि., मेनपा ८ | अमित कोइराला | मेलम्ची न.पा. ८ |

निर्णय नं. ९ : मेलम्ची नगरपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्ने गरी विभिन्न संघ/संस्थाहरुबाट कार्यक्रम संचालनको लागि पूर्व स्वीकृति माग गरेको हुँदा देहाय बमोजिमका संस्थाहरुलाई कार्यक्रम संचालन गर्न पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

१. टेक्नोलोजी फर अल

निर्णय नं. १० : मेलम्ची नगरपालिका भित्र तपसिल बमोजिमका सडकहरु नयाँ सडक ट्र्याक निर्माण गर्नको लागि सम्बन्धित वडा कार्यालय र प्राविधिकबाट सिफारिस भई आएको हुँदा तपसिल बमोजिमका सडकहरुको नयाँ सडक ट्र्याक निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

१. मङ्किनी नयाँ सडक ट्र्याक निर्माण, मेनपा ९
२. डाँडागाउँ डुँडे अमित भुजेलको घरसम्म जोड्ने मोटर बाटो नयाँ ट्र्याक निर्माण, मेनपा ९
३. बिरुटोल मगरटोल सडक नयाँ ट्र्याक निर्माण, मेनपा ९
४. सुनढुङ्गा फाँट नयाँ सडक ट्र्याक निर्माण, मेनपा ९

निर्णय नं. ११ : मेलम्ची नगरपालिका भित्र २५/७५ लागत श्रम साझेदारी कार्यक्रम अन्तर्गत लागत साझेदारी शिर्षकबाट खर्च हुने गरी देहाय बमोजिमका सिंचाई योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना (वडा नं.) | प्रस्तावित बजेट रु. |
|---|---|---|---|
| १ | बोक्सेखोला तौले वासिंगे सिंचाई मर्मत | १ | ३००००० |
| २ | गैरी खोल्सा ढाँड गैरी सिंचाई कुलो मर्मत | २ | ४००००० |
| ३ | लामासोती खगले सिंचाई योजना | २ | ३००००० |
| ४ | रातमाटे ज्यामिरे सिंचाई योजना | २ | २००००० |
| ५ | काठे खोला चमारुम्टी सिंचाई | २ | २००००० |

मेलम्ची नगरपालिका

| क्र.स. | योजनाको नाम | ठेगाना (वडा नं.) | प्रस्तावित बजेट रु. |
|---|---|---|---|
| ६ | काठे खोला टारा पैरो सिंचाई | २ | २००००० |
| ७ | बिग्रेनी सिंचाई कुलो | ३ | ३००००० |
| ८ | खरी बोट कल्छे सिंचाई कुलो | ३ | ३००००० |
| ९ | मुकुन्द फाँट सिंचाई कुलो | ३ | ३००००० |
| १० | खड्कावेशी फाँट सिंचाई | ३ | ४००००० |
| ११ | खाडी सालबोटे मूल कुलो मर्मत एवं जोखिम युक्त घर संरक्षण | ५ | १०००००० |
| १२ | थर्सांग खोला मुहान गरि गोगने खेत सिंचाई कुलो मर्मत | ६ | ७००००० |
| १३ | दाउचे पाखा मुहान गरि भोटेवेशी सिरान माना खेत सिंचाई मर्मत | ६ | ३००००० |
| १४ | ठोस्ने खोला मुहान मण्डेवेशी सिंचाई कुलो मर्मत | ६ | ४००००० |
| १५ | तितेखानी भट्टार लिफ्टिंग सिंचाई आयोजना | ६/७ | १३००००० |
| १६ | धोवी खोला सिंचाई कुलो मर्मत | ७ | ४००००० |
| १७ | दाम्सिंग खोला भुजेल खेत खराने खोल्सी सिंचाई | ८ | ४००००० |
| १८ | धुले सिंचाई | ९ | ३००००० |
| १९ | कर्कले सिंचाई | ९ | ३००००० |
| २० | सुनखानी काफल चौर सिंचाई | ९ | १०००००० |
| २१ | फलामे डुडे सिंचाई कुलो मर्मत | ९ | ५००००० |
| २२ | खत्रीको खोला मुहान हुँदै सातकन्या विद्यालय मुनिको खेतसम्म आउने सिंचाई कुलो मर्मत | ९ | २००००० |
| २३ | सोती खोला मुहान हुँदै जोगी डांडा सिंचाई कुलो मर्मत | १० | ५००००० |
| २४ | सहरे खोला मुहान हुँदै घट्टे कुलो गैरी फाँट सिंचाई कुलो मर्मत | १० | ४००००० |
| २५ | पातलभिर सिंचाई कुलो मर्मत | १० | २००००० |
| २६ | क्यामुने माझ कुलो मर्मत | १० | ३००००० |
| २७ | ठुलोसिम खोला पैरे फाँट सिंचाई कुलो मर्मत | १० | ६००००० |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

| क्र.स. | योजनाको नाम | ठेगाना (वडा नं.) | प्रस्तावित बजेट रु. |
|---|---|---|---|
| २८ | बुढो खोला सिंचाई योजना | १० | २००००० |
| २९ | जुडी खोला दौचेत पत्रकाली सिंचाई कुलो मर्मत | ११/७ | ७००००० |
| ३० | छहरे खोल्सा देखि जल्लु भट्टराई बस्ति सिंचाई कुलो तथा मोटर बाटो मर्मत | ११ | ४००००० |
| ३१ | भैटार सिंचाई कुलो मर्मत | ११ | २००००० |
| ३२ | टाँकि खोल्चा एक्लेवेंशी सिंचाई मर्मत | १२ | ५००००० |
| ३३ | घट्टको बगर सिंचाई कुलो मर्मत | १३ | ३००००० |
| ३४ | तारुकेफाँट सिंचाई कुलो मर्मत | १३ | ५००००० |
| ३५ | डुम्रेफाँट मूल कुलो मर्मत | १३ | ५००००० |
| जम्मा | | | १५०००००० |

निर्णय नं. १२ : विधायन समितिबाट सिफारिस भई आएको मेलम्ची नगरपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका वडा नं. ८ स्थित ताप्रासा भुमिथान सामुदायिक भवन निर्माण गर्नको लागि बाहौं नगरसभाबाट रु. १० लाख बजेट विनियोजन भएको र पुन: सोही योजना निर्माणको लागि तेह्रौं नगर सभाबाट रु. १७ लाख गरी कूल जम्मा रु. २७ लाख बजेट विनियोजन भएकोमा उक्त योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका क्षेत्र भित्रका बजारहरुको व्यवस्थापन गर्नको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो । साथै, उक्त कार्यदललाई १५ दिन भित्र अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची न.पा. वडा नं. ११ वडा अध्यक्ष, श्री चन्द्र बहादुर तामाङ — संयोजक
२. मेलम्ची न.पा. वडा नं. १ वडा अध्यक्ष, श्री कृष्ण मुरारी चौलागाई — सदस्य
३. मेलम्ची न.पा. वडा नं. १० वडा अध्यक्ष, श्री अमृत खनाल — सदस्य
४. मेलम्ची न.पा. वडा नं. १२ वडा अध्यक्ष, श्री गणेश बहादुर तामाङ — सदस्य
५. मेलम्ची न.पा. वडा नं. १३ वडा अध्यक्ष, श्री श्रीराम घोरासैनी — सदस्य

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०७९।१२।१४

२०७९।१२।१४